नेपाल सरकार

गृह मन्त्रालय

# राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

SitRep #३०

६ साउन २०७७

| २०७७ बैशाख देखि साउन ५ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| ११६ | ४६ | ९२ | ६ | ६ | ३ | ४७ | ० | १६१ |
| २०७७ जेठ ३० मनसुन सुरु भएदेखि साउन ५ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण | | | | | | | | |
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| ११४ | ४६ | ९१ | ३ | ५ | १ | १७ | ० | ४२ |

# दैनिक विपद् बुलेटिन

५ साउन विहान १०:०० बजेदेखि ६ साउन बिहान १०:०० बजेसम्म

नेपालमा विभिन्न जिल्लामा गरेर ३१ स्थानमा **पहिरो,** २४ स्थानमा **अविरल वर्षा, ११ स्थानमा बाढी, ४ स्थानमा आगलागी, १ स्थानमा चट्याङ्गका** घटना घटेका छन् । **यी घटनामा परेर ६ जनाको मृत्यु, ३ जना बेपत्ता, ११ जना घाईते भएका छन् । बाढी र पहिरोबाट ७ स्थानमा बाटो अवरोध भएका छन् ।**

| मृत्युसंख्या | हराएको | घट्नासंख्या | घाइते | अनुमानित क्षति रु. | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| ६ | ३ | ७१ | ११ | ७७,४२,००० | ७ | ५१ |

## घट्ना सारांश

- **मुलुकभर** गएको २४ घण्टामा विपद्का **७१** वटा घट्नाहरु भएका छन् ।
- **तनहुँको** भानु नगरपालिका वडा नं. ९ मा रहेको **दुई** घरमा माथिवाट **पहिरो** आई बगाउँदा १ जना वृद्ध मृत अबस्थामा फेला र अर्को एक व्यक्ति घाइते भई उपचारको क्रममा **मृत्यु** ।
- **गोरखाको** गण्डकी गाउँपालिका वडा नं.४ फुजेल कौदिस्थित **एक गोठमा एक व्यक्ति** बाख्रालाई घाँस हाल्न जाने क्रममा माथिबाट **पहिरो** आई पहिरोले पुरी **मृत्यु** ।अविरल बर्षाको कारण गण्डकी गाउँपालिका वडा नं २ पातिस्वारा गाउँ भन्दा माथि जंगलतिर जाने कच्चि सडक भासिई **पहिरो** जाँदा **एक** घर र ४ गोठ भत्किई गोठमा रहेका ७ ओटा बाख्रा र १८ ओटा कुखुरा पुरिई **१४ लाख ८० हजार** रुपैया बराबरको क्षति । एक मोटरसाइकल पुरिई **२ लाख ७० हजार रुपैया** बरावरको क्षति । साथै उक्त पहिरोको कारणले सो गाउँमा रहेका ५० घरधुरी समेत जोखिममा रहेको ।
- **तेह्रथुमको** आठराई गाउँपालिका वडा नं. १ स्थित संक्रान्ति बजारमा रहेको **एउटा विद्यालय** भवनमा माथिबाट पहिरो झरी भत्किँदा **५** जना **घाइते** ।
- **धनुषाको** जनकपुर उपमहानगरपालिका वडा नं. १८ महुवामा एउटा घरमा खाना पकाउने क्रममा ग्याँस लिक भई **आगलागी** हुँदा **१० लाख २५ हजार** रुपैयाँ बराबरको क्षति ।

## घट्ना सारांश...

- **ससरी**को महादेवा गाउँपालिका वडा नं.१ चिम्टीमा एकघर अविरल वर्षाको कारण पुर्णरुपमा भत्किँदा ८० हजार रुपैयाँ बराबरको क्षति । छिन्नमस्ता गाउँपालिका वडा नं.१ बरही बिरपुरमा एउटा गोठघर भत्किँदा **एकव्यक्ति घाईते** भई गोठ भित्र रहेको गाई १, गोरु १, बाख्रा ६ समेतको मरेको **१ लाख ५० हजार रुपैयाँ बराबरको** क्षति । तिरहुत गाउँपालिका वडा नं. ५ भेडिया मुसहरी टोल**को** गाई गोठमा लामखुट्टे धपाउन बालेको घुरबाट अचानक आगो सल्किन गई **आगलागी** हुँदा गोठमा रहेको भैसी -१ गाई १-मरेको र **८० हजार रुपैयाँ बराबर**को क्षति । तिलाठीकोईलाडी गा.पा.- १ स्थितमा रहेको खाडोखोलामा पानिको बहाव बढी **बेलही गाँउमा पा**नि पसि ७ घर घुरी डुवानमा ।
- **धादिङ**को गजुरी गाउँपालिका वडा नं.२ मलेखुस्थित एकघरमा **अबिरल बर्षा**को कारण माथिबाट पहिरो आई १ जना बृद्द पुरुष र २ जना बच्चा सहित पुरिएको । गजुरी गाउँपालिका वडा नं.५ घाटबेशी भन्ने स्थानमा काठमाण्डौबाट मुग्लिन तर्फ जांदै गरेको **कारलाई** अबिरल बर्षाको कारण बगाई त्रिशुलि नदिमा पुराई **बेपत्ता** भएको मानबिय क्षति नभएको । बेनिघाट रोराङ गाउपालिका वडा नं ८ भुसाटारमा एक घर **पहिरोले** बगाउदा एक जना **घाईते** ।गजुरी गाउँपालिका वडा नं २ मझुवा डाँडामा **पहिरो** जाँदा **५ घर** पुरिएको, **१ जना बेपत्ता**, **१ जना घाईते** ।त्रिपुरासुन्दरी गाउँपालिका वडा नं ६ गोलाङ्ग भन्ने स्थानमा एक घर माथिको रोडबाट **पहिरो** आई घर सहित बगाई **३ जना बेपत्ता**
- **भोजपुरको** पौवादुम्मा गाउँपालिका वडा नं.५ चौहानबारी**को** एकघरमा अबिरल वर्षाको कारण माथिबाट **पहिरो** झरी **२ लाख ७१ हजार** रुपैयाँ बराबरको क्षति । पौवादुम्मा गाउँपालिका वडा नं. ५ सुक्लामा एउटा घरको माथिबाट **पहिरो** आई **४ लाख रुपैयाँ** बराबरको क्षति । अबिरल बर्षाको कारण आम्चोक गाउँपालिका वडा नं.१० पाङ्चास्थित **श्री लक्ष्मी माविको** पर्खाल लडी शौचालय समेत भत्किँदा **२ लाख रुपैयाँ बराबरको** क्षति ।
- **महोत्तरी**को बर्दिबास नगरपालिका वडा नं. १३ बिजलपुरा नयाँ टोलको एक घरमा खाना पकाउने क्रममा अचानक ग्यास लिक भई **आगलागी** हुँदा घर पूर्णरुपमा जलि घरमा रहेको मोबाइल ,लत्ताकपडा, अन्नपात गरि **१ लाख ३० हजार** रुपैयाँ बराबरको क्षति । गौशाला नगरपालिका वडा नं. ५ स्थित रहेको ईलाका प्रहरी कार्यालय गौशालाको परिसरमा लगाईएको पर्खाल **अबिरल बर्षाका** कारण भत्किँदा **१ लाख ५० हजार रुपैयाँ बराबरको** क्षति । वडा नं १२ कान्तिबजारमा एक घर **अबिरल बर्षाको** कारण भत्कन गई उक्त घर भित्र रहेको भाँडाकुडा, अन्नपात लत्ताकपडा र २ वटा बाख्रा समेत मृत्यु भई **२ लाख रुपैंया बराबरको** क्षति ।जलेश्वर नगरपालिका वडा नं. १२ स्थित थरुवाही टोलको एकघर **अविरल बर्षा**को कारण लडी **६० हजार रुपैयाँ बराबर**को क्षति । **अबिरल बर्षा**को कारण मठियानी नगरपालिका वडा नं २ सिर्सियास्थित एउटा घरको गाह्रो पुर्णरुपमा भत्किई **३० हजार रुपैंया** बराबरको क्षती, एक जनालाई ईट्टाले लागि **घाईते** ।
- **काठमाण्डौ**को काठमाण्डौ महानगरपालिका वडा नं. ३२ पेप्सीकोलाको एकघरको वरण्डाको भागमा **पहिरो** आई सामान्य क्षति । वडा नं १२ टेकु स्थित बाग्मती किनारामा अवस्थित **सुकुम्बासी बस्तीमा** बाग्मती नदीमा पानीको बहाब बढ्न गई बस्तीमा पानी पस्न गएको । सोहि स्थानमा रहेका निम्न उल्लेखित २९ घर परिवार लाई उद्वार गरी सतल पाटीमा सारिएको ।
- **मकवानपुर**को ईन्द्रसरोबर गाउँपालिका वडा नं.४ राकशखोलामा एक घरमा माथिबाट **पहिरो** आई घर पसल पुरिदा **२ लाख ५० हजार रुपैयाँ बराबरको** क्षति ।
- **प्युठान**को मल्लरानी गाउँपालिका वडा नं.३ धरमपानीको एउटा घर **बर्षातको कारण** अचानक भत्किँदा **४ लाख** रुपैयाँ बराबरको क्षति ।
- **स्याङ्जा**को बिरुवा गाउँपालिका वडा नं.६ चिन्नेबासमा अविरल वर्षाका कारण एक घर पुर्णरुपमा भत्किएको । गल्याङ नगरपालिका वडा नं ५ रातोपुलमा एक घरमा अविरल वर्षा कारण माथिबाट **पहिरो** आई घरको तल्लो तला लेदोले पुरिएको ३ वटा बाख्रा, कुखुरा २५ बटा मरेको ।

## घट्ना सारांश...

- **नवलपरासी**को सुनवल नगरपालिका वडा नं. २ नबदुर्गाटोलको एक घरमा अबिरल बर्षाको कारणले पुर्णरुपमा भत्किँदा **३५ हजार रुपैयाँ** बराबरको क्षति । अविरल वर्षाको कारण गैडाकोट नगरपालिका वडा नं २ नारायणी **नदी बहाब बढ्न गई** बोटे टोलमा रहेको ४०/४५ वटा घरहरुमा पूर्णरुपमा पानी पसेको ।
- **दैलेख**को गुराँस गाउँपालिका वडा नं.४ माथिल्लो पात्लाको एक घरमा खाना पकाउने क्रममा अचानक **आगलागी** हुँदा घरमा रहेको अन्नपात लत्ताकपडा र भाडाकुडा जली **१ लाख रुपैयाँ बराबरको** क्षति ।
- **बाजुरा**को बडीमालिका नगरपालिका वडा नं. ४ रिलाको दुई घरमा माथिबाट **पहिरो** आई घरको तल्लो तलासम्म माटोले पुरिई घर भित्र रहेको खाधान्न, लत्ताकपडा क्षति । अबिरल बर्षाका कारण बुढीगंगा नगरपालिका वडा नं. ३ ताप्राको एकघर अगाडीबाट **पहिरो** आई घर भत्किँदा घर भित्र रहेको खाधान्न, लत्ताकपडा, भाडावर्तन पुर्णरुपमा क्षति ।
- **दार्चुला**को नौगाड गाउँपालिका वडा नं.२ गोदानीमा अ**बिरल बर्षाका कारण एक**घरको माथिबाट **पहिरो** आई घरको छाना भत्किँदा घर पुर्णरुपमा क्षति भई गोठमा रहेको भैसी -१, गाई १-र पाडो १ गरी ३ को मरेको । **अबिरल बर्षाका कारण** महाकाली नगरपालिका वडा नं. २ बुडीचौराको लास्कु खोलाको **बाढी**ले एकघरको आधा भाग बगाई गोठमा रहेका २५ वटा बाख्रा र ८ वटा कुखुरा बगाएको । **अबिरल बर्षा**कै कारण महाकाली नगरपालिका वडा नं. ३ र ४ स्थित डुङ्गीमा रहेका ३ घर बगाएको ।
- **भोजपुर** नगरपालिका वडा नं १ डाँडा बोखिमस्थित एक घर **अबिरल बर्षाको कारण** जमिन भासि घरको उतर तर्फको बरण्डाको गारो भत्की **१ लाख १५ हजार** रुपैंया बराबरको क्षति ।
- **तेह्रथुमको** फेदाप गाउँपालिका वडा नं २ नेबोईस्थित एक घरको माथिबाट **पहिरो** खसि घर पुरिँदा घरमा रहेको पराल, खर, भाडा बर्तन, अनन्तपात काठपात, जस्तापाता, बाख्राको खोर र १ वटा बाख्रा समेत पुरिन जाँदा **२ लाख ५० हजार** रुपैंया बराबरको क्षति ।
- **पाँचथरको** फिदिम नगरपालिका वडा नं १ फिदिम बजार स्थित एक घर माथिबाट **पहिरो** झरी घरको दक्षिण साईडको भित्ता भत्कीएको । अबिरल बर्षाको कारण तुम्वेवा गाउँपालिका २ खैरेनिमा एक घर माथिबाट **पहिरो** आई घर उत्तर साईटको गाह्रो भत्किएको ।
- **झापाको** झापा गाउँपालिका वडा नं २ सडकबारी स्थित कन्काई **नदीको बहाब बढी** नदीको पानी ओभरफ्लो भई गाँउ पस्दा **१६ घर डुबानमा** ।
- **सिरहाको** धनगढिमाई नगरपालिका वडा नं ११ सोनापुरस्थित एक कच्ची घर अविरल बर्षाको कारण पुर्णरुपमा लडि क्षति, घरभित्र रहेको समान अन्नपात गरी **१ लाख ३१ हजार** रुपैंया बराबरको क्षति । बरियारपट्टी गाउँपालिका वडा नं ४ सोहफर टोलमा एक घर भत्कदा एक जनाको टाउको र शरिरमा चोट लागेको ।
- **सर्लाहीको** लालबन्दी नगरपालिका वडा नं ४ जर्वापानि खोलाको छेउमा **अबिरल वर्षाको कारण** पानी पस्दा एउटा घरको लत्ता कपडा तथा चामल भिजेकोले निजको परिवारमा ७ जनाको परिवार छिमेकिको घरमा बसेको ।
- **बाराको** सुवर्ण गाउँपालिका वडा नं २ मा **अबिरल बर्षा**को कारण १८ वटा कच्चि घर भत्कदा १६ लाख ७५ हजार रुपैंया बराबरको क्षति । १८३ घर डुबानमा । पचरौता नगरपालिका वडा नं ४ गुलरिया स्थित एक घर **अबिरल बर्षाको** कारण आधि भत्किन जादा **२५ हजार** रुपैंया बराबरको क्षति । अबिरल बर्षाको कारण पचरौता नगरपालिका वडा नं ७ मा ४ वटा कच्चि घर भत्कदा **२ लाख १० हजार** रुपैंया बराबरको क्षति ।
- **रौतहटको** गरुडा नगरपालिका वडा नं ५ शिवनगर स्थितमा झाजखोलामा अत्याधिक मात्रामा **बाढी** आई त्यहाँ रहेको २३ वटा घरमा पानी पसि **डुबान** ।
- **चितवनको** ईच्छाकामना गाउँपालिका वडा नं ५ सिमलधारास्थित एक पक्की घर त्रिशुली नदीमा आएको **बाढीको** कारण तलबाट माटो कटान गरी त्रिसुली नदी किनारमा पुगेको । फिस्लिङ देखी मौवाखोला सम्म नदी छेउछाउमा

रहेका ९।१० **बटा घर समेतमा** त्रिसुली नदिले कटान गरिरहेको घरको पिल्लरहरुमा पानिको वहावले जोखिममा रहेको ।

- **ललितपुरको** महालक्ष्मी नगरपालिका वडा नं २ इमाडोल **किष्ट अस्पतालको** भुइतला अबिरल बर्षातको कारणले **बाढी** आइ डुबान । वडा नं १० लाकुरीभञ्ज्याङ स्थित **एक** कच्चि घरमा **पहिरो** आइ आंसिक क्षति ।
- **भक्तपुरको** चाँगुनाराण नगरपालिका वडा नं ६ पिपलबोटस्थित एक घर **अबिरल बर्षाको** कारण **पर्खाल भत्किदा २५ हजार रुपैंया** बराबर क्षति। वडा नं ४ स्थित एक ३ तल्ले पक्की घरको बाहिरी कम्पाउण्डको वाल भत्किएको, **दौलागिरी मा.बि.को** बाहिरी कम्पाउण्डको वाल भत्किएको ।
- **लमजुङ्गको** दोर्दी गाउँपालिका वडा नं १ भारते लामिश्वारा स्थित **एक घर** माथिबाट **पहिरो** आई **घर पुर्ण रुपमा भत्किएको** । दुधपोखरी गाउँपालिका वडा नं ५ वन्देश्वारा स्थित ३ वटा घर अविरल बर्षाको कारण पुर्ण रुपमा क्षति, **मुस्ताङ्गको** थासाङ गाउँपालिका वडा नं ४ स्थित बेनि **जोमसोम सडक खण्ड**मा छाकताङ खोलाको निर्माणधिन **पुल** बगाई लगेको ।
- **तनहुँको** भानु नगरपालिका वडा नं ३ ढुकुटीस्थति एक घरमा **पहिरो** आउदाँ घरको पछाडीको पर्खाल भत्किदाँ भाग्ने क्रममा एक जनाको बायाँ खुट्टामा चोट लागी **घाईते** ।
- **पाल्पाको** रामपुर नगरपालिका वडा नं १ स्याउली बजारस्थित भित्री कच्चि सडकखण्डमा राती परेको **अबिरल बर्षाको** कारण सडकमा बिछ्याएको ग्राबेल बगाई एक **कच्ची घर** भित्र उक्त ग्राबेल पस्न गई अन्नपात लत्ता कपडा र नगद रु.१०००० समेत पुरीएको र अर्को एक पक्की घरमा समेत ग्राबेल पसी घर भित्र रहेको सोलार प्यानल, ब्याट्री, अन्नपात समेत पुरीएको ।
- **सुर्खेतको** पन्चपुरी नगरपालिका वडा नं ७ स्थित डाँडाछाप्रेमा रहेको **नयाँराम देउबाको कच्ची घरमा** प्रहरी चौकी डाँडाछाप्रे भाडामा बस्दै आएकोमा उक्त घरमा एक्कासी **चट्याङ** पर्न गई घरको उत्तर तर्फको दिबाल भत्किएको घरको अन्य भाग समेत चर्केको । घरमा जडान गरिएको सोलार पाता, बल्ब,तार समेत क्षती ।

## सडक अवरोध

- **भोजपुर**को अरुण गाउँपालिका वडा नं.४ ओदाने स्थित **मध्य पहाडी लोक मार्गमा** अबिरल वर्षाको कारण सडक माथि बाट **पहिरो** झरी **सडक अवरुद्ध** ।
- **सिन्धुपाल्चोक**को चौतारा साँगाचोक गढी नगरपालिका वडा नं. ९ भैसेस्थित **अरनीको राजमार्ग**मा अबिरल बर्षाको कारण माथिबाट **पहिरो** आई **बाटो पूर्णरुपमा अवरोध** ।
- **अर्घाखाँचीको** शितगंगा नगरपालिका वडा नं. २ झुलुङगे पुलस्थित **सन्धिखर्क गोरुसिङगे सडक खण्डमा** अबिरल बर्षातको कारण माथिबाट **पहिरो** आई **बाटो पुर्ण रुपमा अबरोध**।
- **बाजुरा**को राती परेको अबिरल बर्षाको कारण बुढीगंगा नगरपालिका वडा नं.२ ताप्रीसेर स्थित **साँफे-मार्तडी हाईवे सडकखण्डको** घट्टेखोलामा रहेको **पक्की पुल बाढी**ले बगाई **बाटो पुर्णरुपमा अबरूद्द** ।
- **खोटाङ्गको** दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका वडा नं ८ पंखुखोला स्थित **मध्यपहाडी लोकमार्गको** दिक्तेल **भोजपुर सडक खण्डमा माथिबाट पहिरो** झरी **अबरुद्ध** ।
- **लमजुङ्गको** अविरल बर्षाको कारण सुन्दरबजार नगरपालिका वडा नं ७ स्थित माथिबाट **पहिरो** आई **डुम्रे बेशिसहर सडक खण्ड पुर्ण रुपमा अबरुद्ध** ।
- **चितवनको** इच्छाकामना गाउँपालिका वडा नं ३ मौवाखोला मा **अविरल बर्षाको** कारण पृथ्वी राजमार्ग स्थितमा रहेको **चितवन र धादिङ जोडने पक्कि पुलमा मैवाखोला**ले कटान गरी पुलको धादिङ साइडको पिल्लरमा कटान गरिरहेको पुल जोखिम भई **बाटो पुर्ण रुपमा बन्द** ।

## प्रतिकार्य

- सुरक्षा निकायको टोलीबाट पहिरोमा परेर बेपत्ता भएकाहरुको खोजी कार्य जारी, घाइते भएका व्यक्तिहरुलाई स्थानीय स्वास्थ्य उपचार केन्द्रहरुमा पुर्याइएको, स्थानीयको सहयोगमा अवरुद्ध बनेका बाटो खुलाउने प्रयास भइरहेको, डुबानबाट प्रभावितहरुलाई सुरक्षित स्थानमा सारिएको ।

## वर्षाको सारांश

साउन ०५ गते बिहान ०८:४५ बजे देखि साउन ०६ गते ०८:४५ बजे सम्म

आज मिति २०७७/०४/०६ गते बिहान ०८:४५ बजे १९० वटा वर्षा मापन केन्द्रहरु (मानब संचालितः २९ र स्वचालितः १६१) मा मापन गरिएको वर्षाको विवरण अनुसार १७७ वटा केन्द्रहरुमा वर्षा भएको छ (चित्र १)। उक्त केन्द्रहरु मध्ये सबै भन्दा बढि वर्षा (१९९.२ मि. मी.) मकवानपुर जिल्लाको मकवानपुरगढी केन्द्रमा मापन गरिएको छ। वर्षा मापन भएका केन्द्रहरु मध्ये ४ वटा केन्द्रमा १५० मि. मी. भन्दा बढि, १७ वटा केन्द्रमा १०० मि. मी. भन्दा बढि, ५१ वटा केन्द्रमा ५० मि. मी. भन्दा बढि, १०४ वटा केन्द्रमा २५ मि. मी. भन्दा बढि र १३२ वटा केन्द्रमा १० मि. मी. भन्दा बढि वर्षा मापन भएको छ।




चित्र १: दैनिक वर्षा (छायांकित रंग) तथा केन्द्रको अवस्थिती (गोलाकार संकेत)

वर्षा तथा जलवायु सम्बन्धि थप जानकारीको लागि www.dhm.gov.np/climate/ मा हेर्नुहोस।

**वर्षा तथा जलवायु सम्बन्धि थप जानकारीको लागि www.dhm.gov.np/climate/मा हेर्नुहोस।**

## बाढी पूर्वानुमान

श्रावण-६ (मंगलबार) ( विहान ७ बजे देखि २४ घण्टा)

- आज नारायणीमा बहाव उच्च हुने तथा खतरा तह भन्दा माथि हुने । कोशीमा पनि बहाव उच्च हुने र खतरा तह आसपास हुने पूर्वानुमान छ । कर्णाली र महाकाली बहाव बढ्ने तर सतर्कता तह भन्दा तलै हुने पूर्वानुमान छ ।
- आज कन्काई, कमला, बागमती, पश्चिम राप्ती, बबई, लगायतमा पनि बहाव उल्लेख्य बढ्ने र सतर्कता आसपास हुने। कन्काई, कमला,बागमती, पश्चिम राप्तीका केहि सहायक नदीमा आकस्मिक बहाव (Flash Flood) भई खतरा आसपास पुग्न सक्ने । पुर्वी राप्ती, तिनाउ, रिउखोला लगायतमा बहाव खतरा तह आसपास हुने ।
- आज विरिङ, निन्दा, बक्राहा, लोहन्द्रा, चिसाङखोला, सिंघिया खोला बुढीखोला, त्रियुगा, माउली, गगान, खाडो, रातो, चुरियाखोला, लालबकैया, बाणगंगा, लगायत प्रदेश १, २,५,गण्डकी र सुदूरपश्चिम प्रदेशको चुरे र तराईबाट बहने प्राय सबै नदीमा बहाव बढ्ने र सतर्कता आसपास हुने, केहिमा खतरा पुग्न सक्ने ।
- आज पाँचथर, ईलाम, झापा, मोरङ, सुनसरी, धनकुटा, उदयपुर, सप्तरी, सिराहा, धनुषा लगायत प्रदेश २ को सबै जिल्लाहरु,सिन्धुली, मकवानपुर, सिन्धुपाल्चोक, दोलखा, रामेछाप, काभ्रेपलाञ्चोक, नुवाकोट, काठमाण्डौ उपत्यका, गोरखा, धादिङ, लम्जुङ, तनहूँ, स्याङ्जा, पर्वत, कास्की, म्याग्दी, बागलुङ ,चितवन, नवलपरासी, गुल्मी, अर्घाखाँची, पाल्पा, रोल्पा,प्यूठान, रूकुम,रूपन्देही, कपिलबस्तु,दाङ, बाँके,बर्दिया, सर्खेत,दैलेख,जाजरकोट,कैलाली,कञ्चनपुर,डडेलधुरा,डोटी भई बहने साना नदीमा आकस्मिक बहावको संभावना रहेको छ ।

नोट :पहेलो रङले मध्यम जोखिम रहेको संकेत गर्छ। रातो रङले उच्च जोखिमको संकेत गर्छ।

थप जानकारीका लागि जल तथा मौसम विज्ञान विभागको वेभसाइटः http://hydrology.gov.np/